# समकालीन विश्वमा प्रजातन्त्र र यसका प्रारूपहरू

डा. पर्वतकुमार राई
सहप्राध्यापक, राजनीतिशास्त्र
भोजपुर बहुमुखी क्याम्पस, भोजपुर
Email: isaraparbat@yahoo.com

**Submission:** 10/02/2023 **Revision:** 12/04/2023 **Acceptance:**10/05/2023

**सार**

समकालीन विश्वमा प्रजातन्त्र राज्यको शासन सञ्चालन गर्ने एउटा आधारभूत राजनीतिक मापदण्ड बनेको छ । प्रजातन्त्रको मानक के हुन सक्दछ भन्ने प्रश्नमा विद्वानहरू एकमत छैनन् । सामान्यतयाः प्रजातन्त्रमा आम जनताहरू राज्यको शासन सञ्चालन प्रक्रियामा सामेल हुनु पर्दछ भन्ने मानिन्छ । विश्वमा प्रजातन्त्रका लागि विभिन्न प्रारूपहरू प्रतिपादन गरिएका छन् । वेस्टमिन्स्टरियल, उदार, सहभागी, समावेशी र अध्यक्षात्मक लगायत विभिन्न प्रारूपहरू प्रजातन्त्रका प्रचलित प्रारूपहरू हुन् । यो लेख तयार गर्ने सन्दर्भमा मुख्य दुई वटा प्रश्नहरू समस्या कथनका रूपमा उठाइएका छन् । पहिलो, समकालीन विश्वमा प्रजातन्त्रको मानक केलाई मानिन्छ ? दोस्रो, समकालीन विश्वमा प्रजातन्त्रका के कस्ता प्रारूपहरू रहेका छन् ? यिनै दुई प्रश्नको उत्तर खोज्नु यो लेखको प्रमुख उद्देश्य हो । वर्णनात्मक ढाँचामा तयार गरिएको यो लेख मुख्यतः गुणात्मक प्रकृतिको रहेको छ । द्वितीय स्रोतबाट प्राप्त तथ्यहरूमा आधारित यो लेख ए.पि.ए. छैठौं संस्करणबाट निर्देशित छ । प्रजातन्त्रको सर्वसम्मत मानक बहसको विषय भए तापनि समाजमा विद्यमान प्रत्येक वर्ग, समुदाय, क्षेत्र र लिङ्गको समानुपातिक प्रतिनिधित्व हुने खालको समावेसी शासन स्वरूपको राजनीतिक पद्धतिलाई समकालीन विश्वमा सर्वोत्तम प्रजातन्त्रको प्रारूप मानिन्छ । यसकारण सर्वोत्तम मानिन्छ कि, यस प्रकारको प्रजातान्त्रिक प्रारूपले कुनै पनि वर्ग, समुदाय, क्षेत्र र लिङ्ग राज्यको शासन प्रक्रियाबाट बहिष्करण हुनुबाट बचाउँदछ । यस प्रारूपको प्रजातन्त्रले शासन सञ्चालनमा अपनत्वको महसुस गराउँदछ र विद्रोह वा अलगावको राजनीतिक दुर्घटनाबाट राज्य, समाज र मानव जातिलाई सुरक्षित राख्दछ ।

*मुख्य शब्दावली* : आत्मनिर्णय, डेमोक्रेटिया, वेस्टमिन्स्टरियल, समानुपातिक, समावेशी ।

**परिचय**

विश्वमा राज्यहरूको उपस्थिति शासन गर्ने र शासित हुने वर्गको मिश्रणबाट भएको हो । कुनै एक मानव समूह शासक बन्ने बाँकी अरु समूह शासित हुने मानवीय प्रवृत्तिको विकसित रूप राज्य हो । कानुन निर्माण, कानुन प्रयोग र कानुन व्याख्या गर्ने राज्य संयन्त्रहरु शासनको लागि मुख्य साधनका रुपमा रहेको हुन्छ । निरंकुश राजनीतिक प्रणाली र प्रवृतिमा कुनै व्यक्ति वा वर्गको स्वेच्छालाई कानुन निर्माण, कानुन प्रयोग र कानुन व्याख्या गर्ने मूल आधार मानिन्छ । निरंकुशतामा आम जनताको इच्छाको कुनै मूल्य हुँदैन । यसको ठिक विपरीत प्रजातान्त्रिक राजनीतिक प्रणाली र प्रवृत्तिमा व्यक्तिगत इच्छा गौण हुन्छ भने आम जनताको इच्छा प्रधान हुन्छ । यद्यपि, आम जनताको इच्छा र आवश्यकता पहिचान गर्ने माध्यम केलाई बनाउने भन्ने मुख्य प्रश्न कुनै पनि राजनीतिक प्रणालीमा महत्वपूर्ण हुन्छ । आम जनताको इच्छा, जसलाई राजनीतिशास्त्रमा आम जनताको सामान्य इच्छा पनि भन्ने गरिन्छ, यसको पहिचान गर्ने विभिन्न उपायहरूमध्ये एउटा उत्तम उपाय हो आवधिक निर्वाचन र निर्वाचन मार्फत राजनीतिक समाजमा विद्यमान प्रत्येक वर्ग, समुदाय, क्षेत्र र लिङ्गको अनिवार्य सहभागिता । समाजमा विद्यमान सबै वर्ग, समुदाय, क्षेत्र र लिङ्गको सामान्य इच्छाको उचित पहिचान गर्ने सर्वोत्तम माध्यमका सम्बन्धमा छलफल गर्नु वर्तमान आवश्यकता हो । खासगरी नेपाल जस्तो राजनीतिक, सामाजिक र सांस्कृतिक

विविधतायुक्त समाजको सन्दर्भमा राज्यको शासन प्रक्रियामा न्यायोचित सहभागिता गराउने प्रजातान्त्रिक प्रारूप के हुन सक्दछ भन्ने प्रश्नमा केन्द्रित यो आलेख संसारमा प्रयोग भइरहेका प्रजातन्त्रका विभिन्न प्रारूपका सम्बन्धमा विवेचना गर्दछ ।

**समस्याकथन**

यो लेखमा मुख्य दुई वटा समस्या खडा गरिएको छ ।

(क) समकालीन विश्वमा प्रजातन्त्रका के कस्ता प्रारूपहरू रहेका छन् ?

(ख) समकालीन विश्वमा प्रजातन्त्रको मानक केलाई मानिन्छ ?

**उद्देश्य**

(क) प्रजातन्त्रका प्रचलित प्रारूपहरूको विवेचना गर्ने ।

(ख) प्रजातन्त्रको मानक पत्ता लगाउने ।

**सीमा**

(क) गैरसाम्यवादी प्रजातन्त्रका बारेमा मात्र विवेचना गर्ने ।

(ख) बहुदलीय प्रजातन्त्रका सम्बन्धमा मात्र विवेचना गर्ने ।

**लेखनविधि**

वर्णनात्मक ढाँचामा तयार गरिएको यो लेख गुणात्मक रूपमा प्रस्तुत गरिएको छ । द्वितीय स्रोतबाट प्राप्त भएका तथ्यहरूलाई अधिकतम उपयोग गरी ए.पि.ए. ढाँचामा आधारित भएर उद्धरण र सन्दर्भसामग्री तयार गरिएको छ ।

**प्रजातन्त्र**

समकालीन विश्वमा प्रजातन्त्र एक अधिकतम स्वीकार्य राजनीतिक पद्धतिको रूपमा रहेको छ । तुलनात्मक रूपमा न्यायोचित शासन पद्धतिको नाम प्रजातन्त्र हो । प्रजातन्त्रका सम्बन्धमा प्राचीन ग्रीसदेखि विभिन्न मूल्य र मान्यता स्थापित भएर आएको पाइन्छ । आज नेपाली भाषामा उच्चारण गरिने प्रजातन्त्रको अङ्ग्रेजी उच्चारण डेमोक्रेसी हो । डेमोक्रेसी शब्दको निर्माण ग्रीक भाषाबाट भएको पाइन्छ । प्राचीन ग्रीसमा आजभन्दा करिब २५ सय वर्ष पहिले सुरु भएको प्रजातान्त्रिक मान्यता आज विश्वभरि फैलिएको छ । तत्कालीन ग्रीसमा अवस्थित नगर राज्य एथेन्स र त्यसका शासक वर्गबाट प्रयोग गरिएको शब्दावली “डेमोक्रेटिया” ग्रिक भाषाको “डेमोस” र “क्रेटिया” शब्दको मिश्रित रूप थियो । ग्रिक शब्द “डेमोस” को अङ्ग्रेजी अर्थ हुन्छ पिपल र ग्रिक शब्द “क्रेटिया” को अङ्ग्रेजी अर्थ हुन्छ रुल । ग्रिक शब्द “डेमोक्रेटिया” को अङ्ग्रेजी अर्थ हुन्छ “रुल अफ पिपल” र यसलाई नेपाली भाषामा जनताको शासन भन्न सकिन्छ (डाहल,१९९८,पृ.११) । शब्द व्युत्पत्ति र त्यसको अर्थ विश्लेषण गर्दा जनताहरूको आफ्नो शासन पद्धति, जहाँ जनताहरू कुनै न कुनै रूपमा सामेल भएका हुन्छन् वा जनताहरू आफै शासन गर्दछन्, नै प्रजातन्त्र हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

कुनै पनि देशका आमनागरिकहरू आफै शासन गर्दछन् अथवा आफूहरूद्वारा चुनिएका प्रतिनिधिमार्फत शासन गर्दछन् वा त शासन प्रक्रियामा नियन्त्रण र प्रभाव कायम गर्दछन् भने त्यो पद्धति प्रजातन्त्र हो भन्न सकिन्छ, यद्यपि प्रजातन्त्र केलाई मान्ने भन्ने प्रश्नमा राजनीतिक विद्वानका बीच मतभिन्नता कायम छ । फ्रेंक (२०१०, पृ. २२) को विचारमा, बहुमत नागरिकहरूको सहमति र सक्रिय सहभागितामा राजनीतिक निर्णय लिइने प्रणाली प्रजातन्त्र हो, जहाँ आम जनताको इच्छा देशको कानुन बन्दछ । प्रजातन्त्रले कुनै एक व्यक्ति वा समूहको इच्छा वा आदेशलाई मान्दैन बरु आम नागरिकहरूको इच्छा र चाहनाहरूलाई मान्दछ । आम नागरिकको इच्छा र चाहना निर्वाचनमा जनमतको माध्यमले प्रकट भएको हुन्छ । यसर्थ प्रजातन्त्रको पर्याय भनेको निर्वाचन पनि हो । आवधिक निर्वाचनको अभावमा प्रजातन्त्रको अस्तित्व रहन सक्दैन । प्रजातन्त्रको केन्द्रीय प्रक्रियामा प्रतिस्पर्धात्मक चुनावद्वारा जनताले आफूमाथि शासन गर्ने प्रतिनिधिहरूको चुनाव गरून् भनी निर्वाचनको

प्रक्रियालाई प्रजातन्त्रको मुख्य तत्त्वका रूपमा लिइएको हुन्छ भन्ने मत शिवाकोटीको रहेको पाइन्छ (शिवाकोटी चिन्तन,२०७२,पृ.४३२) । निर्वाचन देशको आम नागरिकहरूलाई आफूले इच्छाएको प्रतिनिधि चुन्ने अवसर प्रदान गर्ने एउटा महत्त्वपूर्ण माध्यम हो । निर्वाचनको माध्यमले खराब आचरणलाई पराजित गर्ने र असल आचरणलाई प्रश्रय दिने अधिकारको आम नागरिकहरूले प्रयोग गर्दछन् । यद्यपि कस्तो किसिमको निर्वाचन प्रजातन्त्रका लागि उपयोगी हुन्छ भन्ने विषय राजनीतिशास्त्रमा अर्को बहसको विषय बनेको छ ।

सरकारको अधिकारको स्रोत र सरकार बनाउने प्रक्रियाहरूमा प्रजातन्त्र नाप्न सकिन्छ । प्रजातन्त्रमा सरकारको अधिकारको स्रोत जनताको इच्छा र उनीहरूको साझा भलाइ गर्ने उद्देश्यमा निहित हुनु पर्दछ । उम्मेदवारहरू मत प्राप्त गर्न स्वतन्त्रतापूर्वक प्रतिस्पर्धा गर्दछन् र हरेक बालिग मतदाताले मत दिने अधिकार पाएका हुन्छन्, जसमा दुई आयाम : प्रतिस्पर्धा र सहभागिता समावेश हुन्छ, त्यो नै प्रजातन्त्रहो (हन्टिङ्गटन,१९९१, पृ.३-४) । प्रजातन्त्रमा सीमित सरकारको परिकल्पना गरिएको हुन्छ । सीमित सरकारको अर्थ हुन्छ निर्वाचनको समयमा जनताहरूले दिएको मताधिकारबाट प्राप्त जनादेश । जनादेशमा नवनिर्वाचित सरकारले गर्ने कार्यकारी, विधायिकी र न्यायिक कार्यहरूको चित्र खिचिएको हुन्छ । जसको सीमाभित्र रहेर काम गर्नु प्रजातान्त्रिक सरकारको कर्तव्य हुन्छ । जनादेशको सीमालाई मुख्य आधार मानेर कानुन निर्माण गर्ने, निर्मित कानुनको पालना गर्ने र कानुनको व्याख्या गर्ने निर्धारित सरकारी दायित्व नै सीमित सरकारको अर्थ हुन्छ । प्रजातन्त्रमा स्वेच्छिक र गैरसंवैधानिक क्रिया गर्न निषेध हुन्छ । यसको अर्थ प्रजातान्त्रिक शासन प्रक्रियामा जनइच्छा, जनआवश्यकता र जनचाहना प्रतिविम्बित भएको हुनु पर्दछ । कुनै व्यक्तिको निजी इच्छा र चाहना शासन प्रणालीमा प्रतिविम्बित भयो भने त्यो प्रजातन्त्र हुन सक्दैन । जनहित, जनइच्छा, जनचाहना र जनआवश्यकता अभिव्यक्तिका लागि समाजमा विद्यमान सबै वर्ग, समुदाय, लिङ्ग र क्षेत्रका नागरिकहरू राजनीतिक प्रणालीमा सहभागी हुने अवसरको सुनिश्चितता प्रजातन्त्रको एक अनिवार्य शर्त हुनु पर्दछ । राजनीतिक प्रणालीमा आम नागरिकहरूको प्रतिनिधित्वको सुनिश्चितता, आत्मनिर्णयको अधिकारसहित बहस पैरवीमा स्वतन्त्रता, नीति तथा निर्णयका लागि विषय छनौटमा प्रभावकारिता, भेदभावरहित अर्थपूर्ण सहभागिता सहितको राजनीतिक पद्धतिलाई समकालीन विश्वको प्रचलित प्रजातन्त्र मान्नु पर्दछ ।

**प्रजातन्त्रका प्रारूपहरू**

अर्थ, परिभाषा र सारको दृष्टिले प्रजातन्त्र एउटै भएता पनि प्रयोग र प्रारूपको दृष्टिले भिन्न छन् । समकालीन विश्वमा अभ्यास गरिएका भिन्न र प्रमुख प्रजातान्त्रिक प्रारूप यस प्रकार रहेका छन् ।

**प्रजातन्त्रको वेस्टमिन्स्टरियल प्रारूप**

कुनै एउटा निर्वाचन क्षेत्रका सम्पूर्ण उम्मेदवारमध्ये सबै भन्दा बढी मत ल्याउनेले जित्ने र बाँकी अरू सबैले हार्ने पद्धति वेस्टमिन्स्टर प्रारूपको प्रजातन्त्र हो । यस पद्धतिलाई परम्परागत संसदीय प्रणाली पनि भन्ने गरिन्छ । संयुक्त अधिराज्य बेलायतबाट सुरु भएको वेस्टमिन्स्टरियल प्रजातन्त्र यथार्थमा कुल जनमतको अल्पसङ्ख्याले कुल जनमतको बहुसंख्यामाथि शासन गर्ने पद्धतिका रूपमा अभ्यास भइरहेको पाइन्छ । यस प्रणालीको प्रयोग र त्यसबाट आउने परिणामलाई प्रस्तुत तालिकाबाट बुझ्न सजिलो हुनेछ ।

**तालिका नं. १**

*वेस्टमिन्स्टरियल प्रारूपमा निर्वाचन प्रणाली र परिणाम*

| निर्वाचन क्षेत्र | ब्लू पार्टीको प्राप्त मत सङ्ख्या | पर्पल पार्टीको प्राप्त मत सङ्ख्या | ब्लू पार्टीको विजयी सिट सङ्ख्या | पर्पल पार्टीको विजयी सिट सङ्ख्या |
|---|---|---|---|---|
| १ | ५१ | ४९ | १ | ० |
| २ | ५१ | ४९ | १ | ० |
| ३ | ५१ | ४९ | १ | ० |
| ४ | ५१ | ४९ | १ | ० |
| ५ | ५१ | ४९ | १ | ० |
| ६ | ५१ | ४९ | १ | ० |
| ७ | ५१ | ४९ | १ | ० |
| ८ | ५१ | ४९ | १ | ० |
| ९ | ५१ | ४९ | १ | ० |
| १० | ५१ | ४९ | १ | ० |
| जम्मा | ५१० (५१%) | ४९० (४९%) | १० (१००%) | ०० (००%) |

*स्रोत: डाहल, १९९८, पृ.१३२ ।*

**उदार प्रजातान्त्रिक प्रारूप**

वेस्टमिन्स्टर प्रजातन्त्र र उदार प्रजातन्त्रका बीच त्यति धेरै ठूलो भिन्नता छैन । यद्यपि वेस्टमिन्स्टर प्रजातन्त्र र उदार प्रजातन्त्रको केन्द्रीय विशेषतामा भने केही भिन्नता रहेको पाइन्छ । आधारभूत विशेषताहरू समान भए तापनि वेस्टमिन्स्टर प्रजातन्त्रको तुलनामा उदार प्रजातन्त्रले व्यक्तिको व्यक्तिगत स्वतन्त्रतामाथि अधिक मात्रामा जोड दिन्छ । उदार प्रजातन्त्रको मुख्य विशेषता भनेको व्यक्तिको राजनीतिक, आर्थिक र सामाजिक स्वतन्त्रताको रक्षा गर्नु हो । दुवै प्रजातन्त्रले निर्वाचनमा उम्मेदवार बन्ने, निर्वाचित हुने र कार्यकारी एवं विधायक चुन्ने प्रक्रियामा समान धारणा राख्दछ । यद्यपि राज्य र व्यक्ति बीचको भूमिका एवं दायित्वका सम्बन्धमा उदार प्रजातन्त्रले केही फरक धारणा राख्दछ । खासगरी उदार प्रजातन्त्रमा राज्य नियन्त्रित अर्थतन्त्रको बदला खुल्ला बजार अर्थतन्त्र र राज्यबाट नियन्त्रित नागरिकको बदला मौलिक हक तथा स्वतन्त्रता सहितको नागरिकको संवैधानिक ब्यबस्था गरिनु पर्दछ भन्ने मान्यतामा जोड दिइन्छ । आवधिक निर्वाचन, सीमित सरकार, नियन्त्रण र सन्तुलन, शक्ति पृथकीकरण, लोकप्रिय सम्प्रभुता, व्यक्तिगत स्वतन्त्रताको सुनिश्चितता, राजनीतिक तथा नागरिक स्वतन्त्रता, मौलिक हकको व्यबस्था, बहुदलीयता र खुल्लाबजार अर्थतन्त्र सहित संविधानवादमा आधारित प्रजातन्त्रलाई उदार प्रजातन्त्रका रूपमा बुझ्ने गरिन्छ (एन्टोन,२०१७,पृ.३) । एन्टोनको भनाइलाई आधार मान्ने हो भने उदार प्रजातन्त्रमा पुँजी निर्माण, पुँजीको परिचालन, पुँजीको स्वामित्व र उपभोगमा व्यक्ति स्वतन्त्र हुन पाउनु पर्दछ । व्यक्ति राज्यद्वारा नियन्त्रित हुनु हुँदैन भन्ने मान्यता उदार प्रजातन्त्रको केन्द्रीय पक्ष हो । जसरी व्यक्तिगत जीवन जीउने विषयमा व्यक्ति स्वतन्त्र हुन्छ त्यसरी नै आर्थिक क्रियाकलापमा पनि व्यक्ति स्वतन्त्र हुनु पर्दछ भन्ने विषय उदार प्रजातन्त्रको प्रमुख विषय हो । उदार प्रजातन्त्रमा निजी विचार, निजी सम्पत्ति, निजी क्रियाकलाप र निजी स्वतन्त्रता बढी महत्वपूर्ण मानिन्छ । उदार प्रजातन्त्र भनेको व्यक्तिहरूको स्वतन्त्रतालाई अत्यधिक खुल्ला राख्ने प्रजातान्त्रिक मान्यता हो । यस्तो प्रजातन्त्रमा व्यक्तिहरू खुल्ला प्रतिस्पर्धा गर्दछन् । यस

प्रकारको प्रजातन्त्रले सक्नेहरूलाई बढी फाइदा पुर्‍याउँदछ भने कमजोरहरूलाई बेफाइदा गर्दछ । यस प्रारूपको प्रजातन्त्रमा धनीहहरू अझ धनी र गरिबहरू अझ बढी गरिब हुने अवसर खुल्ला हुन्छ ।

व्यक्तिगत स्वतन्त्रता उदार प्रजातन्त्रको मूल मर्म हो । आर्थिक प्रतिस्पर्धाका लागि व्यक्तिहरू स्वतन्त्र हुन्छन् भने राजनीतिक प्रतिस्पर्धाका लागि पहिलो हुनेले जित्ने पद्धति लागू गरिएको हुन्छ । असहाय, असक्षम र कमजोरहरू आर्थिक स्वतन्त्रताका नाममा हुने प्रतिस्पर्धामा पछि पर्दछन् । खुल्ला अर्थव्यवस्थाले आर्थिक क्षेत्रमा स्वतन्त्रता मात्र सिर्जना गर्दैन बरु त्यसको अन्तिम परिणाममा आर्थिक असमानता समेत पैदा गरिदिन सक्दछ । यसले आर्थिक रूपमा धनी र गरिब, सम्पन्न र बिपन्न जस्ता वर्गहरूको निर्माण गर्ने बढी सम्भावना राख्दछ । उदार प्रजातन्त्रमा अवलम्बन गरिने पहिलो हुनेले जित्ने तर दोस्रो र तेस्रो हुनेले हार्ने निर्वाचन पद्धति लागू गरिएको हुन्छ । सबै वर्ग, समुदाय र क्षेत्रको प्रतिनिधित्व गराउन नसक्नु नै यस प्रजातन्त्रको मूल विशेषता हो । उदार प्रजातन्त्रमा अपनाइने निर्वाचन प्रणाली र परिणामलाई प्रस्तुत तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका नं. २**

*उदार प्रजातान्त्रिक पद्धतिमा निर्वाचन प्रणाली र परिणाम*

| निर्वाचन क्षेत्र | ब्लू पार्टीको प्राप्त मत सङ्ख्या | पर्पल पार्टीको प्राप्त मत सङ्ख्या | ब्लू पार्टीको विजयी सिट सङ्ख्या | पर्पल पार्टीको विजयी सिट सङ्ख्या |
|---|---|---|---|---|
| १ | ५५ | ४५ | १ | ० |
| २ | ६० | ४० | १ | ० |
| ३ | ४० | ६० | ० | १ |
| ४ | ४५ | ५५ | ० | १ |
| ५ | ५२ | ४८ | १ | ० |
| ६ | ५१ | ४९ | १ | ० |
| ७ | ५३ | ४७ | १ | ० |
| ८ | ४५ | ५५ | ० | १ |
| ९ | ४६ | ५४ | ० | १ |
| १० | ५५ | ४५ | १ | ० |
| जम्मा | ५०२ (५०.२%) | ४९८ (४९.८%) | ६ (६०%) | ४ (४०%) |

*स्रोतः डाहल,१९९८,पृ.१३२ ।*

**सहभागी प्रजातान्त्रिक प्रारूप**

सहभागी प्रजातन्त्र भनेको राज्यको शासन सञ्चालन प्रक्रियामा आम जनता संलग्न हुनु हो । नीति निर्माण र कार्यान्वयनको प्रक्रियामा आम नागरिकहरूको प्रभावकारी संलग्नता रहनु सहभागी प्रजातन्त्रको लक्षण हो । यद्यपि सहभागिताको सम्बन्धमा विद्वानहरू बीच मतभिन्नता विद्यमान छ । निर्वाचनका माध्यमबाट विधायकहरू चुन्ने प्रक्रियामा सामेल हुनु, निर्वाचनमा उम्मेदवार हुनु, विधि निर्माणको प्रक्रियामा भूमिका पूरा गर्नु, सार्वजनिक नीति निर्माण र कार्यान्वयनमा उपस्थित हुनु राजनीतिक सहभागिताका केही नमुनाहरू हुन् (क्लोस्की,१९७२,पृ.२५२) । नागरिकहरू राज्यको शासन सञ्चालन प्रक्रियामा कुनै न कुनै रूपमा सामेल हुन्छन् । निर्वाचनमा मतदान गर्नु र निर्वाचनमा उम्मेदवार हुनु राजनीतिक सहभागिताको प्रारम्भिक चरण मान्न सकिन्छ । देशलाई आवश्यक कानुनको निर्माण, प्रयोग र व्याख्या गर्ने कामहरूमा नागरिकहरूको प्रत्यक्ष तर निर्णायक भूमिका रहन्छ भने त्यो राजनीतिक सहभागिताको दोस्रो चरण हो । सहभागी प्रजातन्त्रले सीमान्तीकरण, सामाजिक

बहिष्करण र बञ्चितीकरण प्रवृत्तिलाई न्यूनीकरण गर्नु पर्दछ । निर्णय प्रक्रियामा सरोकारका सबै पक्षको प्रत्यक्ष उपस्थिति हुनु पर्दछ भन्ने सहभागी प्रजातन्त्रको मूल मान्यता रहेको हुन्छ ।

सहभागी प्रजातन्त्रमा आम नागरिकहरू स्थानीय निर्वाचन, राष्ट्रिय निर्वाचन र जनमत सङ्ग्रहहरूमा सक्रिय रूपमा आफ्नो मतको प्रभावकारी प्रयोग गर्दछन् । आफ्नो मतको प्रयोग मात्र गर्दैनन् बरु अरुलाई समेत आफ्ना राजनीतिक मुद्दा र विषयका बारेमा बुझाउँछन् । दबाब समूह र कुनै राजनीतिक दलको सक्रिय सदस्य हुन्छन् । राजनीतिक रूपम विभिन्न जुलुस र प्रदर्शनहरूमा भाग लिन्छन्, आमहड्ताल, बन्द जस्ता कार्यक्रमहरूमा भाग लिन्छन् र राजनीतिक उद्देश्य प्राप्तिका लागि भद्र अवज्ञा आन्दोलनहरू सञ्चालन गर्दछन् (दाहाल,२००६,पृ.६०) । राजनीतिक प्रणालीमा आफ्नो प्रभाव कायम राख्नका लागि आम नागरिकहरू सक्रिय हुन्छन् । त्यो सक्रियता मतदानका रूपमा प्रकट हुन्छ, राजनीतिक मुद्दा र विषय प्रचारका रूपमा प्रकट हुनुका साथै आन्दोलन, हड्ताल तथा बन्दका रूपमा प्रकट हुन्छ । यस्तो सहभागिताबाट राज्यको शासनप्रक्रियामा उनीहरूको आवाज सुनुवाइ हुने गर्दछ । सहभागी प्रजातन्त्रले शासन सञ्चालनको पद्धतिभित्र आम नागरिकहरूको भूमिकालाई स्थान दिएको हुन्छ । सहभागी प्रजातन्त्रले राज्यका सम्पूर्ण वा अधिकांश नागरिकहरूको प्रत्यक्ष उपस्थितिमा विधि निर्माण गर्दछ, नीति तथा योजना तर्जुमा गर्दछ र कार्यान्वयनका लागि अनुमति प्राप्त गर्दछ ।

सहभागी प्रजातन्त्र प्रत्यक्ष प्रजातन्त्रको पर्याय पनि हो । सहभागीमूलक प्रजातन्त्रले बहुमतको निरंकुशता र अल्पमतको प्रतिपक्षलाई अस्वीकार गर्दछ बरु बहुमत र अल्पमत सबैलाई शासन प्रक्रियामा समावेश गर्दछ । सहभागीमूलक प्रजातन्त्रमा छलफलको एजेण्डा तयार गर्ने, नीतिनिर्माण गर्ने, निर्णय गर्ने, नियन्त्रण गर्ने र कार्यान्वयन गर्ने कार्य आमनागरिकहरूको व्यापक समर्थन तथा उपस्थितिबाट गरिन्छ । सहभागीमूलक प्रजातन्त्रमा प्रत्येक नागरिकलाई आफ्ना मुद्दाहरू उठाउने समान अधिकार हुन्छ र प्रत्येकको एक अर्कामा क्षैतिज्य सम्बन्ध रहन्छ तर निषेधाधिकारको हैसियत कोहीसँग पनि रहँदैन (डाहल, १९९८, पृ.२८) । कुनै पनि निर्णयले जसलाई प्रभावित गर्दछ उक्त निर्णय प्रभावित हुने पक्षको उपस्थितिमा गरिनु पर्दछ भन्ने प्रजातन्त्रको सिद्धान्तलाई सहभागी प्रजातन्त्रले आत्मसात गर्दछ । छलफलको विषय के बनाउने, निर्णय के गर्ने, निर्णय किन गर्ने, नीति कस्तो बनाउने, किन बनाउने, आवश्यकता के हो ? जस्ता प्रश्नहरू उठाउने र निष्कर्षमा पुग्ने अधिकार सहित राज्यका सम्पूर्ण वा अधिकसङ्ख्यक जनताको प्रत्यक्ष उपस्थितिमा राज्यको शासन सञ्चालन गर्ने पद्धति सहभागी प्रजातन्त्र हो । सहभागीमूलक प्रजातन्त्रमा जनताको हित उसका प्रतिनिधिहरू मार्फत हुन सक्दछ भन्ने बिश्वास गरिँदैन । प्रत्येक वर्ग, समूह र क्षेत्रको हित उनीहरू आफैबाट मात्र सम्भव हुन्छ । अतः प्रत्येक समूह, वर्ग, क्षेत्र र सम्बन्धित पक्षको आफ्नै प्रत्यक्ष उपस्थितिबाट तयार गरिने नीति, निर्णय र कार्यान्वयनको नाम सहभागी प्रजातन्त्र हो ।

**प्रजातन्त्रको समावेशी प्रारूप**

अप्रत्यक्ष प्रजातन्त्रमा समाजका सबै वर्ग र समुदायको संलग्नतालाई कसरी अधिकतम उच्च बनाउन सकिन्छ भन्ने प्रश्नको उत्तर निरूपण गर्ने सन्दर्भमा प्रजातन्त्रको समावेशी प्रारूप महत्वपूर्ण बनेको पाइन्छ । समावेशी प्रजातन्त्रले समाजमा विद्यमान वर्ग, समुदाय, क्षेत्र र लिङ्गको प्रतिनिधित्वलाई राज्यको शासन प्रक्रियामा अनिवार्य सामेल गराउँदछ । समावेशी प्रजातन्त्रमा समाजका प्रत्येक वर्ग, समुदाय, क्षेत्र र लिङ्गलाई राज्यको शास नप्रक्रियामा अनिवार्य हिस्सेदार बनाइनु पर्दछ भन्ने मूल मान्यता राखिएको हुन्छ । समावेशी सिद्धान्तले मुख्यतः दुई वटा सकारात्मक काम गर्दछ । पहिलो, ऐतिहासिक रूपमा बहिस्करणमा परेका समूहलाई राज्यको शासन प्रक्रियामा सामेली गराउँदछ र दोस्रो, उक्त समूहको सामाजिक, आर्थिक तथा राजनीतिक हितहरूको संयुक्तीकरण गर्दछ (हसन,२००९,पृ.२) । समावेशी सिद्धान्त समाजलाई उन्नतितर्फ डोहोर्‍याउने एउटा माध्यम पनि हो । यदि कुनै समाजमा गरीबी, न्यून आय, कम उत्पादन र अज्ञानी मानिसहरू छन् भने त्यो समावेशीताको अभाव र बहिष्करणको प्रभावबाट उत्पन्न परिणाम हो भन्ने मानिन्छ । राज्यशक्ति केन्द्रीकरण गर्ने कि राज्यशक्तिको हिस्सेदार आम नागरिकलाई बनाउने भन्ने प्रश्नमा आम नागरिकलाई शक्तिको हिस्सेदार बनाइनु पर्दछ भन्ने मान्यता

समावेशी प्रजातन्त्र हो । यसका लागि विश्वमा सामाजिक आन्दोलनहरू, खासगरी महिलावादी आन्दोलन र पहिचानवादी आन्दोलनहरू भएका छन्, जसले समावेशी प्रजातन्त्रको मुद्दालाई उत्कर्षमा पुर्‍याएको छ र बहसमा ल्याएको छ (फोटोपाउलस,२००१) । संसारमा देखिएका प्रमुख राजनीतिक समस्या भनेको सम्भ्रान्तहरूको हातमा राज्यशक्ति केन्द्रीकृत हुनु हो । यसबाट मुक्ति पाउनका लागि राज्यका सबै मानिसहरू शक्तिको हिस्सेदार बन्नु पर्दछ । समावेशी प्रजातन्त्रले राजनीतिक, आर्थिक र सामाजिक हिस्सेदारीलाई प्रमुख आयामका रूपमा स्वीकार गर्दछ (फोटोपाउलस,२००३) । यसको अर्थ यो हुन आउँदछ कि समावेशी प्रजातन्त्र निरंकुश र स्वेच्छाचारी शासक वर्गको शासनका विरुद्ध ल्याइएको सिद्धान्त हो । यसले कुनै एक कुलीन व्यक्ति वा कुलीन परिवारको स्वेच्छिक शासनलाई विस्थापन गरी सरोकारवाला सबै पक्षको अर्थपूर्ण भूमिकालाई शासन प्रक्रियामा सामेल गर्दछ । शक्तिको बिकेन्द्रीकरण गर्ने उपाय भनेको समावेशीता हो र एकात्मक स्वरूपको राज्य संरचनालाई सङ्घात्मक स्वरूपमा बदल्नु हो । कुनै पनि मुलुकलाई बिकेन्द्रीकरण चाहिने वा नचाहिने भन्ने कुरा दुई वटा तत्वमा भर पर्दछ । पहिलो, विशाल भौगोलिक आकार र दोस्रो, विशाल सांस्कृतिक विविधता । सानो भूगोल भए तापनि सांस्कृतिक विविधता छ भने बिकेन्द्रीकरण आवश्यकता पर्दछ । संघात्मक समावेशी सरकारको माध्यमले समाजको सांस्कृतिक विविधतालाई राजनीतिक रूपमा सम्बोधन गर्न सकिन्छ (ओम्मन,२०१०, पृ.७,८)। यदि राज्यको शासन प्रक्रियामा सांस्कृतिक विविधता समावेश हुन सकेन भने उनीहरू कि त विद्रोही हुन्छन् वा बिमुख हुन्छन् । सांस्कृतिक विविधता राज्यको दमनकारी प्रवृत्तिबारे सचेत हुन्छन् र जब उनीहरूले राज्यलाई प्रहार गर्ने आवश्यक शक्ति प्राप्त गर्दछन् बिखण्डनकारी गतिविधि प्रदर्शन गर्दै राज्यमाथि प्रत्याक्रमण गर्दछन् अथव प्रतिरोध गर्ने स्रोत प्राप्त गरेनन् भने उनीहरू सामूहिक रूपमा अलग्गिएर बस्ने कुरा निश्चित हुन्छ (ओम्मन,२०१०,पृ.१०)। सांस्कृतिक रूपमा रहेको विविधतालाई राज्यको मूलप्रवाहमा समाहित गर्न र विद्रोहको बाटोबाट बचाउनका लागि समावेशी नीति अख्तियार गर्नु राज्यको मुख्य दायित्व अन्तर्गत पर्दछ । राज्यले समावेश गर्न सकेन वा गर्न चाहेन भने त्यस्ता सांस्कृतिक समूहहरू राज्यको शासन प्रक्रियाबाट नै अलगथलग हुने र त्यो प्रवृत्तिको परिणामले अशान्ति र द्वन्द्व सिर्जना गर्ने गर्दछ ।

यदि कुनै व्यक्ति वा समूहको उपस्थिति सम्बन्धित ठाउँमा भएन भने उसको आवश्यकताका बारेमा कसले बोलिदिन्छ ? उक्त समूहको मौलिक आवश्यकता कसरी सुरक्षित हुन सक्दछ ? प्रष्ट छ कि यदि उक्त समूहको प्रतिनिधित्व समावेश गरिएन भने सत्ताधारीबाट उसको आवश्यकतामाथि पर्याप्त ध्यान दिइने छैन ( डाहल,१९९८,पृ.७७) । कुनै एउटा व्यक्ति वा समूहको इच्छा र आवश्यकता अर्को व्यक्ति वा समूहले न त बुझ्न सक्दछ न त बुझेर पनि बोलिदिने इच्छाशक्ति नै राख्दछ । यसको अर्थ अनुपस्थित हुने व्यक्ति वा समूह शासन प्रक्रियाबाट सीमान्तकृत हुन पुग्दछ । सरोकारवाला समूहको अनुपस्थितिमा गरिएका निर्णयहरू उचित र न्यायपूर्ण पनि हुँदैन किनकि आवश्यकता र औचित्य थाहा नपाइ निर्णयहरू गरिएका हुन्छन् । आवश्यकता र औचित्य पुष्टि हुनका लागि निर्णय प्रक्रियामा सरोकारवालाको उपस्थिति अनिवार्य हुन्छ । सरोकारवालाहरूको उचित उपस्थिति गराउने मान्यता र सिद्धान्त यथार्थमा समावेशी प्रजातन्त्र हो । प्रत्येक निर्णयबाट प्रभावित हुने प्रत्येक व्यक्ति, समुदाय, वर्ग र क्षेत्र त्यस निर्णय प्रक्रियामा अनिवार्य सामेल हुन पाउने कानुनी व्यवस्था समावेशी प्रजातन्त्र हो । राज्य संरचना यदि समावेशी बनेको छैन भने प्रजातन्त्रको मुख्य मर्म आम नागरिकसम्म पुग्न सक्दैन । त्यस्तो अवस्थामा जनसङ्ख्याको ठूलो खण्ड, खासगरी महिला, श्रमिक वर्ग, जाति, जनजाति समूहहरू वा पेशागत समूहहरू सहभागी हुनबाट बञ्चित भएका हुन्छन् । प्रजातन्त्रका फाइदाहरू समाजका विभिन्न खण्डसम्म पुर्याउन समाजभित्रका केन्द्रीकरणकारी प्रवृत्तिहरूलाई सबल ढङ्गले चुनौती दिन सक्ने व्यापक सामाजिक वर्गहरूको वृद्धि तथा राजनीतिक प्रक्रियामा समानता र आम सहभागीतालाई प्रोत्साहित गर्ने चेतना र विश्व दृष्टिकोणहरूको विकास गर्नु पर्दछ, जसले समावेशी प्रजातान्त्रिक चरित्र निर्माण गर्दछ (स्टेफन,२००४,पृ.२) ।

समावेशीताको मुख्य मर्म भनेको राज्यको शासन प्रक्रियामा सबै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित हुनु हो भन्ने बुझिन्छ । तर त्यति मात्र पर्याप्त होइन किनकि राज्यले अपनाउने नीति एकलकाँटे र निर्देशात्मक खालको भयो भने प्रतिनिधिको उपस्थितिले मात्र अर्थ राख्न सक्दैन । त्यसैले समग्र राज्यको नीति नै सबैको स्वतन्त्र आवाज सुन्ने खालको हुनु पर्दछ । यसो भयो भने मात्र समावेशीताको मर्म व्यबहारमा झल्किन सक्दछ । यसका लागि प्रतिनिधित्व गर्ने प्रतिनिधिहरूको आवाजहरूलाई बेरोकटोक स्वतन्त्र हुन दिनु पर्दछ । निर्णय गर्ने प्रक्रियामा समावेश गराइनु प्रजातन्त्रका लागि एउटा आवश्यक शर्त हो तर पर्याप्त शर्त चाहिं होइन । त्यसैले समावेशी प्रजातन्त्रमा अपनाइने सार्वजनिक नीति पनि सबैलाई समेट्ने प्रकारको हुनु पर्दछ (सापकोटा,२००७,पृ.१२६) । व्यक्तिको उपस्थिति प्रभावकारी र अर्थपूर्ण हुन उसलाई आफ्नो विवेकमा बोल्न र क्रियाशील हुन पर्याप्त छुट प्राप्त भएको हुनु पर्दछ, त्यो नै समावेशीताको मूल मर्म हो ।

**प्रजातन्त्रको अध्यक्षात्मक प्रारूप**

प्रजातन्त्रको प्रयोग गर्ने सन्दर्भमा आएको अर्को प्रारूपको नाम हो अध्यक्षात्मक प्रारूप । यो प्रारूप संसदीय प्रणाली भन्दा निकै विपरीत छ अथवा यो प्रारूप संसदीय प्रणालीको ठिक उल्टो छ । समकालीन विश्वमा अध्यक्षात्मक प्रारूप एक सशत्त प्रजातान्त्रिक प्रारूपका रूपमा स्थापित भएको पाइन्छ । यस प्रारूपको सशक्त प्रयोग संयुक्त राज्य अमेरिकामा भएको छ । अध्यक्षात्मक प्रारूपमा राष्ट्रपति शक्तिशाली कार्यकारी प्रमुखका रूपमा रहेको हुन्छ । उसको शक्तिको स्रोत आम जनताको बहुमतलाई मानिन्छ । राष्ट्रपति व्यवस्थापिकाप्रति नभइ आफ्नो कार्यका लागि आमजनता र संविधानप्रति उत्तरदायी हुने गर्दछ । आफूलाई शासन गर्ने प्रमुख शासकका रूपमा रहने राष्ट्रपति जनताहरूले आफ्नो मतद्वारा निश्चित अवधिका लागि चयन गर्दछन् । राष्ट्र प्रमुख र सरकार प्रमुख दुवै राष्ट्रपति नै हुन्छ । राष्ट्रपतिको निर्वाचन जनताहरूको लोकप्रिय मतको आधारमा सम्पन्न गरिन्छ । राष्ट्रपतिको निर्वाचनमा आम जनताहरू निर्वाचक मण्डलका माध्यमबाट सहभागी हुन्छन् र राष्ट्रपतिको निर्वाचन सम्पन्न गरिन्छ ।

अध्यक्षात्मक प्रजातन्त्रमा जनताद्वारा चुनिएका राष्ट्रपति कार्यकारी प्रमुख हुनुको हैसियतले मन्त्रीमण्डलको गठनमा उनी स्वतन्त्र हुन्छन् । राष्ट्रपतिको विवेकमा विज्ञ ठानिएका कुनै पनि व्यक्ति मन्त्रालयको मन्त्रीका रूपमा नियुक्त हुन्छन् । राष्ट्रपति आफ्नो मन्त्रीमण्डल गठन गर्ने कामका लागि स्वतन्त्र हुन्छन् । राष्ट्रपति र उसको मन्त्रीमण्डल व्यवस्थापिकाको विश्वासको मत लिन बाध्य हुँदैन । अध्यक्षात्मक प्रारूपको प्रजातन्त्रमा शक्तिको पृथकीकरणले राम्रो स्थान पाएको हुन्छ । कार्यकारी कामका लागि क्याबिनेटसहित राष्ट्रपति स्वतन्त्र हुन्छ भने विधायिकी कार्यका लागि व्यवस्थापिका स्वतन्त्र रहन्छ । कार्यकारीले न त व्यवस्थापिकाबाट विश्वासको मत लिन जरुरी हुन्छ न त अविश्वासको मतबाट पदच्यूत हुने डर नै रहन्छ । व्यवस्थापिका कार्यकारीको हस्तक्षेपबाट स्वतन्त्र रहन्छ । राष्ट्रपति व्यवस्थापिकाको सदस्य नहुनुको कारणले व्यवस्थापिकाको अधिवेशनबाट टाढा रहन्छ र व्यवस्थापिका विगठन गर्ने अधिकारबाट बञ्चित हुन्छ । यसको अर्थ कार्यपालिका र व्यवस्थापिका एक अर्कामा शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित हुन्छ । राष्ट्रपतीय निरंकुशतालाई नियन्त्रण गर्नका लागि महाभियोग प्रस्तावको व्यवस्था गरिएको हुन्छ, जसका माध्यमबाट शक्ति सन्तुलन कायम हुन आउँदछ । न्यायपालिकासँग सुरक्षित न्यायिक पुनरावलोकनको क्षेत्राधिकारले व्यवस्थापिकाको निरंकुशतामाथि नियन्त्रण कायम गर्दछ ।

**प्रजातन्त्रको मानकः सहमतीय, समावेशी र समानुपातिक प्रतिनिधित्व**

बहुमतीय प्रजातन्त्र भन्दा शक्ति साझेदार हुने सहमतीय प्रजातन्त्र धेरै अर्थमा असल प्रजातन्त्र हुन्छ । यसले विविधतायुक्त समाजमा राजनैतिक स्थिरता कायम गर्दछ र सकारात्मक परिणाम प्रदान गर्दछ । विविधतायुक्त समाजलाई उचित व्यवस्थापन गर्नका लागि विविधताका बीच बृहत् गठबन्धन निर्माण गर्ने, स्वायत्तताको व्यवस्था गर्ने, सङ्घात्मक राज्य स्वरूप निर्माण गर्ने र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने जस्ता उपायहरू अवलम्बन गरिनु आवश्यक हुन्छ । यस्ता उपायहरूले मात्र राज्यको निर्णय निर्माण तथा नीति-निर्माण प्रक्रियामा अल्पमतमा

परेको समुदायलाई समावेश गराउँदछ । खासगरी विविधतायुक्त विशेषता भएको समाजमा सहमतीय (कन्सोसियसनल) प्रजातन्त्रको अनिवार्यता हुन्छ । कार्यपालिका र व्यवस्थापिकामा सबै पक्षको समानुपातिक प्रतिनिधित्वको व्यवस्थाबाट कन्सोसियसनल प्रजातन्त्र स्थापना गर्न सकिन्छ (Lijfart, 1977) । सहमतीय, समावेशी र समानुपातिक प्रतिनिधित्व सहितको राजनीतिक प्रणाली विविधतायुक्त समाजको लागि सर्वोत्तम प्रजातन्त्र हुन सक्दछ ।

समावेशीतालाई राजनीतिक साध्य मान्ने हो भने समानुपातिक प्रतिनिधित्वको प्रणालीलाई एक महत्वपूर्ण साधन मान्नु पर्दछ । साना वा ठूला सबै राजनीतिक दल, समाजमा विद्यमान विभिन्न समुदाय, विभिन्न समूह, क्षेत्र र लिङ्गबाट धेरै वा थोरै सङ्ख्यामा प्रतिनिधित्वको सुनिश्चित गर्ने माध्यमका रूपमा समानुपातिक प्रतिनिधित्वको प्रणाली स्थापित भएको हो । सङ्ख्या वा आकारमा अरु कोही भन्दा दोस्रो वा सानो भएकै कारणले शासन प्रक्रियाबाट बञ्चित हुनु पर्ने दुरावस्थादेखि बचाउने सर्वोत्तम उपाय समानुपातिक प्रतिनिधित्वको प्रणाली हो । कुनै पनि समूहको सङ्ख्यात्मक अनुपातमा प्रतिनिधित्व हुने सुनिश्चितता सहितको प्रणाली समानुपातिक प्रतिनिधित्वको प्रणाली हो । कुनै एउटा राजनीतिक दल वा समूहले जति अनुपातमा जनमत प्राप्त गर्दछ त्यही अनुपातमा प्रतिनिधि संख्या प्राप्त गर्ने सुनिश्चितता नै समानुपातिक प्रतिनिधित्वको प्रणाली हो । समानुपातिक प्रतिनिधित्वको प्रणालीले धेरै वा थोरै सङ्ख्यामा प्रतिनिधित्वको सुनिश्चितता प्रदान गर्दछ र शासन प्रक्रियामा अपनत्वका साथै जिम्मेवारी बोधको सिर्जना गर्दछ । अन्य प्रणालीहरूबाट सबै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित हुन नसक्ने कारणले उत्पन्न हुने राजनीतिक बहिष्करण र सीमान्तीकरणको नकारात्मक परिणामबाट बच्नका लागि समानुपातिक प्रतिनिधित्वको प्रणाली उपयुक्त मानिन्छ । वेस्टमिन्स्टर प्रणालीले बहुलतायुक्त सामाजिक चरित्रलाई आत्मसात गर्न नसकेको र राजनीतिक दलहरूको मत प्रतिशतको आधारम प्रतिनिधित्व गराउन नसकेको अनुभवबाट संसारका धेरै मुलुकहरूले कुनै न कुनै रूपमा समानुपातिक प्रतिनिधित्वको पद्धति अँगालेका छन् ।

समानुपातिक प्रतिनिधित्वको प्रणाली समावेशी प्रजातन्त्रका लागि एउटा उपयुक्त साधनका रूपमा विकसित भएको प्रणाली हो । जनसङ्ख्या वा मतसङ्ख्या प्रतिशतको अनुपातमा प्रतिनिधिको सङ्ख्या निश्चित गरिने समानुपातिक प्रतिनिधित्वको प्रणालीले बढी मत ल्याउनेको निम्ति बढी र थोरै मत हुनेका निम्ति थोरै प्रतिनिधित्व हुने कानुनी व्यवस्था गर्दछ । यो प्रणालीले राजनीतिक समाजमा विद्यमान विभेद, सीमान्तीकरण र बहिष्करणको अवस्थाबाट देशलाई मुक्त गराउँदछ । यसकारण पूर्ण समानुपातिक प्रतिनिधित्वको प्रणाली समकालीन विश्व राजनीतिक मञ्चमा प्रजातन्त्रको एक अपरिहार्य मेरुदण्डका रूपमा स्वीकार गरिन्छ । समानुपातिक प्रतिनिधित्वको प्रणालीमा विभिन्न राजनीतिक दल वा समूहबाट हुने प्रतिनिधित्वका सम्बन्धमा प्रस्तुत तालिकाबाट स्पष्ट हुन सकिन्छ ।

**तालिका नं. ३**

*समानुपातिक प्रतिनिधित्वको प्रणालीमा चार वटा दलबीच मत प्रतिशत र सिट सङ्ख्या*

| राजनीतिक दल | निर्वाचन क्षेत्र | प्राप्त मत प्रतिशत | विजयी सिट | कुल सिट |
|---|---|---|---|---|
| ब्लू पार्टी | प्रदेश नं. "ख" | ५० प्रतिशत | ५० सिट | ५० |
| पर्पल पार्टी | | ४० प्रतिशत | ४० सिट | ४० |
| ग्रीन पार्टी | | ०७ प्रतिशत | ०७ सिट | ०७ |

| | | | |
|---|---|---|---|
| रेड पार्टी | ०३ प्रतिशत | ०३ सिट | ०३ |
| जम्मा | १०० प्रतिशत | १०० सिट | १०० सिट |

*स्रोतः डाहल, १९९८, पृ.१३३ ।*

**निष्कर्ष**

समकालीन विश्व राजनीतिमा प्रजातन्त्र एक आधारभूत पक्ष हो । यद्यपि प्रजातन्त्रका विभिन्न प्रारूप समकालीन विश्वमा प्रचलित छन् । प्रजातन्त्रका प्रचलित विभिन्न प्रारूपमध्ये कुन प्रारूप अवलम्बन गर्ने भन्ने प्रश्नको एउटै जवाफ प्राप्त हुन कठिन छ । यद्यपि प्रजातन्त्रका विभिन्न प्रारूपमध्ये सर्वोत्तम प्रारूप कुन हुन सक्दछ भन्ने प्रश्नको जवाफ भने एउटै हुन सक्दछ, त्यो हो समावेशी प्रजातन्त्र । प्रजातन्त्रको समावेशी प्रारूपले समाजमा विद्यमान सबै वर्ग, जाति, धर्म, लिङ्ग, संस्कृति र भाषा समूहको प्रतिनिधित्वको सुनिश्चित गर्दछ र शासन प्रणालीमाथि अपनत्वबोध गराउँदछ । प्रजातन्त्रको समावेशी प्रारूपले सबैको प्रतिनिधित्व सुनिश्चित मात्र गर्दैन बरु सबैको आवाज मुखरित हुने अवसरको सिर्जना पनि गर्दछ । प्रजातन्त्रमा जुन निर्णयले सबैलाई प्रभावित गर्दछ, उक्त निर्णय प्रभावित हुने सबैको उपस्थितिमा गरिनु पर्दछ भन्ने मान्यता राख्दछ । उक्त मान्यता समावेशी प्रारूपको प्रजातन्त्रमा कार्यान्वयन हुने गर्दछ । यसर्थ, समावेशी प्रारूपको प्रजातन्त्र न्यायोचित र सर्वमान्य पनि छ । समावेशी प्रारूपको प्रजातन्त्रलाई कार्यान्वयन गर्ने साधनका रूपमा समानुपातिक प्रतिनिधित्वको पद्धति विकास गरिएको छ । यसका माध्यमबाट कुनै पनि विविधतायुक्त समाजलाई राज्यको शासन प्रणालीमा प्रतिविम्बित गर्न सम्भव छ । संसारमा प्रयोग गरिएका प्रजातन्त्रका विभिन्न प्रारूपमध्ये समानुपातिक प्रतिनिधित्वमा आधारित समावेशी प्रजातन्त्र नै सबै भन्दा समतामूलक, न्यायोचित र सर्वमान्य प्रारूप मान्नु पर्दछ ।

## सन्दर्भ सामग्रीसूची


डाहल, रबर्ट ए.(१९९८), *प्रजातन्त्रका बारेमा,* काठमाण्डौः क्रिएसन मिडिया प्रा.लि. ।

सापकोटा, प्रेम (२००७), समाबेसी लोकतन्त्र र नेपाली राज्य, *लोकमतको खोजी,*ललितपुरः सोसल साइन्स बहा ।

स्टेफन, माईकसेल (२००४), प्रजातन्त्र, *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* ललितपुर : सोसल साईन्स बहा, हिमाल एशोसिएसन ।

शिबाकोटी चिन्तन, गोपाल(२०७२), *तुलनात्मक शासन र राजनीति,* काठमाण्डौः पैरबी प्रकाशन ।

हन्टिङ्गटन, सेमुएलपी. (सन् १९९१), *तेश्रो लहर,* न्यूयोर्क (रत्न पुस्तक भण्डारबाट नेपाली माध्यममा अनुबादित) : ओक्लोहोमा युनिभर्सीटी प्रेस ।

Anton (एन्टोन), M.(2017). The future of liberal democracy. *Journal of Political Science and Public Affairs, Volum*5, Issue 2, p.p.1-5, Retrieved from http//www.omicsonline.org.

Dahal (दाहाल), R. K. (2006). Political parties and participation: A study in the second multiparty parliamentary experiment. *Nepal quest for participatory democracy, p.p.57-89,* New Delhi: ADROIT Publishers.

Fotopaulas (फोटोपाउलस), T.(2001). *What is inclusive democracy?* London: Routledge Publication. Retrieved from www.inclusivedemocracy.org.

Fotopaulas (फोटोपाउलस), T. (2003). *Inclusive democracy.* London: Transcription of Video by O. Restler. Retrieved from www.inclusivedemocracy.org.

Frenk (फ्रेंक), H.(2010). *Vital Democracy: A theory of democracy in action*. New York: Oxford University Press.

Hasan (हसन), J. (2009). *Politics of inclusion: Caste, minorities and affirmative action,* New Delhi: Oxford University Press. (A compendium of sociology, vol. ii, 2018, Tribhuvan University).

Kloski (क्लोस्कि), H.M.C. (1972). *Political participation (Volum:11-12).* New York: International Encyclopedia of the Social Sciences.

Lijphart, A.J.C.(1977). *Democracy in plural societies: A comparative exploration.* Connecticut: Yale university press. Retrieved from https://www.jstor.org

Ommen (ओम्मन), T.K.(2010). Evolving inclusive societies through constitutions: the case of Nepal. *Contributions to Nepalese studies.* Kirtipur: Centre for Nepal and Asian Studies.